apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
राष्ट्रिय दैनिक समाचारपत्र

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

● वर्षः १२ ● अंकः १८२ ● पृष्ठः ४ ● ०३ साउन २०८३ आइतबार (19 July 2026, Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## सिरहा भन्सारले लक्ष्यको ८३ प्रतिशत राजश्व संकलन

### प्लान्ट क्वारेन्टाइन अभाव र खुला सीमाको चुनौतीले लक्ष्य हासिल हुन सकेन

**अपन दैनिक संवाददाता**
सिरहा, साउन ०२ गते




सिरहा भन्सार कार्यालय, माडरले आर्थिक वर्ष २०८२/०८३ मा वार्षिक राजश्व लक्ष्यको ८३ प्रतिशत राजश्व संकलन गरेको छ। कार्यालयले १८ करोड ६ लाख ३४ हजार रुपैयाँ राजश्व संकलन गर्ने लक्ष्य पाएकोमा १४ करोड ९४ लाख ४६ हजार रुपैयाँ असुली गरेको जनाएको छ।

भन्सार कार्यालयका सूचना अधिकारी तथा भन्सार अधिकृत विमल श्रेष्ठका अनुसार लक्ष्य अनुसार राजश्व संकलन हुन नसक्नुका पछाडि खुला सीमा, चोरी निकासी नियन्त्रणको चुनौती, उच्च लक्ष्य निर्धारण तथा आवश्यक पूर्वाधारको अभाव प्रमुख कारण रहेका छन्।

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार साउन महिनामा लक्ष्यको ६३ प्रतिशत, भदौमा ६५ प्रतिशत, असोजमा ८५ प्रतिशत, कात्तिकमा ४६ प्रतिशत, मंसिरमा ८१ प्रतिशत, पुसमा ७७ प्रतिशत, माघमा ७१ प्रतिशत तथा फागुनमा ९६ प्रतिशत राजश्व संकलन भएको थियो।

यस्तै, चैत महिनामा लक्ष्यभन्दा बढी अर्थात् १०७ प्रतिशत राजश्व संकलन भएको थियो भने वैशाखमा सबैभन्दा बढी प्रगति गर्दै लक्ष्यको १४९ प्रतिशत अर्थात् २ करोड ३० लाख ८८ हजार रुपैयाँ राजश्व उठाइएको कार्यालयले जनाएको छ। जेठमा लक्ष्यको ७९ प्रतिशत र असारमा ७१ प्रतिशत राजश्व संकलन भएको थियो।

भन्सार प्रशासनका अनुसार लक्ष्यअनुसार राजश्व संकलन हुन नसक्नुमा भन्सार क्षेत्रमा अत्यावश्यक मानिएको प्लान्ट क्वारेन्टाइन (वनस्पति क्वारेन्टाइन तथा विषादी परीक्षण केन्द्र) स्थापना नहुनुले पनि उल्लेखनीय असर परेको छ। यस्तो केन्द्र नहुँदा कृषि तथा खाद्यजन्य वस्तुको आयात-निर्यात प्रक्रिया प्रभावित हुने र व्यापार अन्य नाका वा अनौपचारिक मार्गतर्फ मोडिने अवस्था रहेको कार्यालयको भनाइ छ।

सूचना अधिकारी श्रेष्ठका अनुसार प्लान्ट क्वारेन्टाइन स्थापना गर्ने निर्णय २०७८ सालमै सम्बन्धित निकायबाट भए पनि हालसम्म कार्यान्वयनमा आउन सकेको छैन। यसका लागि सम्बन्धित विभाग तथा निकायमा पटक-पटक पहल र पत्राचार गरिए पनि अपेक्षित प्रगति नभएको उनले बताए।

स्थानीय व्यवसायीहरूले पनि आवश्यक पूर्वाधार र सेवा विस्तारको

बाँकी पृष्ठ ३

## जनकपुरमा पनि डोजर चलाउने संघीय सरकारको तयारी, स्थानीय र प्रदेश सरकार विरोधमा




**अपन दैनिक संवाददाता**
जनकपुरधाम, साउन ०२ गते

जनकपुरधाम उपमहानगरपालिका क्षेत्रअन्तर्गत अतिक्रमित गुठी, मठ, मन्दिरको जग्गा र पोखरीको डिल अतिक्रमणमुक्त गराउने उद्देश्यले संघीय सरकारद्वारा गठित प्रतिवेदन कार्यान्वयन समितिप्रति स्थानीय तह र मधेश प्रदेश सरकारले आपत्ति जनाएको छ।

जनकपुरधामस्थित गुठी जग्गा, पोखरी, पोखरीका डिल तथा रामजानकी मन्दिरलगायत ऐतिहासिक तथा धार्मिक सम्पत्तिको संरक्षण र अतिक्रमण हटाउने उद्देश्यले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नौ सदस्यीय प्रतिवेदन कार्यान्वयन समिति बनाएको थियो। यस कार्यलाई स्थानीय र प्रदेश सरकारले संघीयता विरोधि कदम भनेका छन्।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साह र मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले संघीय सरकारको कदमलाई

बाँकी पृष्ठ ४

## मधेश विश्वविद्यालयमा तीन वटा शैक्षिक कार्यक्रम विस्तार, चालु शैक्षिकसत्रदेखि सञ्चालन हुने

**अपन दैनिक संवाददाता**
सिरहा, साउन ०२ गते




मधेश विश्वविद्यालयले चालु शैक्षिकसत्रदेखि थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको छ। हाल स्नातकोत्तर तहमा जनप्रशासन (एमपीए), कानुन संकायतर्फ स्नातक (बीए एलएलबी) र जनप्रशासन संकायतर्फ स्नातकमा जनव्यवस्थापन (बीपीएम) कक्षा सञ्चालन गर्दै आएको पर्साको वीरगञ्जस्थित मधेश विश्वविद्यालयले चालु शैक्षिक सत्रमा थप तीन वटा शैक्षिक कार्यक्रम विस्तार गर्न लागेको हो।

मधेश विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवका अनुसार विश्वविद्यालयले चालु शैक्षिक सत्र २०८३ देखि स्नातकोत्तर तहको मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रसन (एमबीए) तथा स्नातक तहको ब्याचलर अफ ल (एलएलबी) र ब्याचलर अफ बिजनेस एडमिनिष्ट्रिसन (बीबीए) को पठनपाठन सुरु गर्न लागेको छ।

'तीन वटै संकायको पठनपाठनका लागि पाठ्यक्रम तयार भइसकेको छ,' रजिष्ट्रार यादवले भने, 'यही शैक्षिक सत्रदेखि कक्षा सञ्चालन गर्ने गरी तयारी भएको छ। छिट्टै यसबारे हामीले सूचना प्रकाशन गर्ने छौं।'

विश्वविद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रमहरूमा विद्यार्थीको आकर्षण

बाँकी पृष्ठ २

## डेरीले नकिन्दा आक्रोशित किसानले पोखे दूध

**अपन दैनिक संवाददाता**
राजविराज, साउन ०२ गते




सप्तरीको बलान बिहुल गाउँपालिका-५ स्थित रामनगर साना किसान कृषि सहकारी संस्थाले संचालन गरेको डेरीले दूध नकिन्दा किसान आक्रोशित बनेका छन्।

शनिबार सहकारीआबद्ध किसानको दूध नकिन्दा आक्रोशित बनेका उनीहरुले संस्थाले संचालन गरेको डेरीकै अगाडि दूध पोखेर विरोध जनाएका हुन्। 'सहकारीबाट २ लाख रुपैयाँ उठाएर ३ वटा गाई र एउटा भैंसी किनेको छु,' स्थानीय महेन्द्र यादवले भने, 'अहिले दूध बेचेर ऋण चुक्तासँगै परिवारको दैनिकी चलाउदै आएको छु तर हिजैदेखि संस्थाले दूध किन्न अनाकानी गर्दै आएको छ।'

उनले शुक्रबार धेरै आग्रह गर्दा दूध किने पनि शनिबार किन्न नमान्दा आफुहरु आक्रोशित बनेको बताए।

'संस्थाले दूध नकिने आफुहरुलाई परिवारको दैनिकी चलाउन र ऋण चुक्ता गर्न समस्या हुन्छ,' उनले भने, 'हामी दैनिक ३/४ सय लिटर दूध बेच्न कहाँ जाने ?'

सहकारीद्वारा सञ्चालित दूध संकलन तथा प्रशोधन (किसान डेरी)का सञ्चालक रामबाबु यादवले यसअघिका सञ्चालक राजकुमार यादवले सरसमान हस्तान्तरण नगर्दा दूध किन्न नसकिएको बताए।

गत असार २२ मा सहकारीको उपसमितिको निर्णयअनुसार डेरी सञ्चालन गर्न रामबाबुसँग सम्झौता भएको हो। त्यसअघि सञ्चालक

बाँकी पृष्ठ ३

## सप्तरी कारागारका ५ जना कैदीबन्दीले गरे आत्मदाह प्रयास

**अपन दैनिक संवाददाता**
सप्तरी, साउन ०२ गते




सप्तरीको राजविराजस्थित जिल्ला कारागारका ५ जना कैदीबन्दीले आत्मदाहको प्रयास गरेका छन्।

शनिबार बिहान राजविराज कारागारमा नाइकेसम्बन्धी विवादमा पाँचजना कैदीबन्दीले शरीरमा मट्टितेल छर्केर आगो लगाउने प्रयास गरेका हुन्।

सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले दिएको जानकारी अनुसार गत दुई दिनदेखि दुई समूहबिच भएको विवादमा एक पक्षका पाँच जना कैदीले मेसमा खाना बनाउन राखिएको मट्टीतेल छर्केर आत्मदाहको प्रयास गरेका हुन्।

उनका अनुसार कारागार नाइकेले बिनाकारण दुर्व्यवहार र दुःख दिने गरेकाले उनलाई हटाउनुपर्ने माग ती कैदीबन्दीले गरेका छन्।

एक पक्षले हटाउनुपर्ने अर्को पक्षले नहटाउने भनेपछि विवाद भएको हो।

हटाउनुपर्ने पक्षका कैदीबन्दीले आत्मदाहको प्रयास गरेका हुन्।

यद्यपि नाइकेलाई त्यहाँबाट अन्यत्र सारेपछि अहिले अवस्था सामान्य बनेको प्रमुख जिल्ला अधिकारी थापाले बताए।

आत्मदाहको प्रयास गरिए पनि तत्काल चिकित्सक टोली पुगेपछि क्षति हुन नपाएको बताइएको छ।

## अठार वर्षपछि कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**अपन दैनिक संवाददाता**
सिरहा, साउन ०२ गते



विवाहमा पर्याप्त दाइजो नल्याएको भन्दै कुटपिटसँगै धारिलो हतियार प्रहार गरी श्रीमतीको हत्या गरेको घटनामा संलग्न फरार प्रतिवादीलाई प्रहरीले १८ वर्षपछि पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहाको दक्षिणी सीमावर्ती बरियारपट्टि गाउँपालिका ५ जिभौल गाउँका करिब ६० वर्षीय रामनाथ रायलाई शुक्रबार पक्राउ गरिएको हो।

रायलाई उनको आफ्नै घरमा लुकीछिपी बसिरहेको अवस्थामा पक्राउ गरी जिल्ला प्रहरीबाट थप अनुसन्धान भइरहेको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार ३ भदौ २०६५ बिहान करिब ९ बजेतिर बौधा रायकी श्रीमती करिब २५ वर्षीय चन्द्रिकादेवी

बाँकी पृष्ठ ३



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### लागूऔषधको सञ्जाल तोड्न जरूरी

सिरहा प्रहरीले पछिल्लो समय अवैध हतियार र लागूऔषधविरुद्ध सञ्चालन गरेको अभियानले सकारात्मक सन्देश दिएको छ । कट्टुवा पेस्तोल र गोलीसहित एक भारतीय नागरिक तथा ब्राउनसुगरजस्तो देखिने पदार्थसहित अन्य तीन जनालाई पक्राउ गर्नु सुरक्षा निकायको सक्रियताको प्रमाण हो । यस्ता कारबाहीले अपराध नियन्त्रणमा प्रहरीको भूमिका प्रभावकारी देखिए पनि यसलाई अन्तिम उपलब्धि मान्न सकिँदैन ।

सबैभन्दा ठूलो प्रश्न भनेको यी हतियार र लागूऔषध कहाँबाट आइरहेका छन् भन्ने हो । भारतसँगको खुला सीमाको दुरुपयोग गर्दै तस्करी र अवैध कारोबार हुने गरेको आशंका नयाँ होइन । पक्राउ परेका व्यक्तिहरू केवल बिचौलिया वा प्रयोगकर्ता मात्र हुन सक्छन् । वास्तविक चुनौती भनेको यसका पछाडि रहेका आपूर्ति सञ्जाल, लगानीकर्ता र मुख्य कारोबारीसम्म पुग्नु हो ।

ब्राउनसुगरजस्ता लागूऔषध युवापुस्ताका लागि गम्भीर खतरा बन्दै गएका छन् । केही ग्राम लागूऔषध बरामद हुनु सामान्य घटना होइन, किनकि यसको प्रभाव धेरै युवाको भविष्यसँग जोडिएको हुन्छ । लागूऔषधको लतले परिवार, समाज र अर्थतन्त्र सबैमा नकारात्मक असर पार्छ । त्यसैले पक्राउ मात्र पर्याप्त हुँदैन, रोकथाम, जनचेतना र पुनःस्थापनाका कार्यक्रम पनि सँगसँगै अघि बढाउनुपर्छ ।

यसअघि पनि सिरहामा पटक-पटक लागूऔषध र अवैध हतियार बरामद भएका घटनाले यो समस्या छिटपुट नभई संगठित स्वरूपमा फैलिरहेको संकेत गर्छ । प्रहरीले अनुसन्धानलाई केवल पक्राउमै सीमित नराखी आर्थिक कारोबार, नेटवर्क र सीमापारको समन्वयसम्म विस्तार गर्न आवश्यक छ । यसका लागि नेपाल-भारत सुरक्षा निकायबीच सूचना आदानप्रदान र संयुक्त निगरानी अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

समाजको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । अभिभावक, विद्यालय, स्थानीय तह र नागरिक समाजले युवालाई लागूऔषधको जोखिमबारे सचेत गराउने, शंकास्पद गतिविधिबारे प्रहरीलाई सूचना दिने र अपराधविरुद्ध सामाजिक वातावरण निर्माण गर्ने दायित्व निर्वाह गर्नुपर्छ ।

अन्ततः, सिरहा प्रहरीको पछिल्लो कारबाही प्रशंसनीय छ । तर सफलता तब मात्र मानिनेछ जब पक्राउ परेका व्यक्तिमात्र होइन, उनीहरूलाई हतियार र लागूऔषध उपलब्ध गराउने मुख्य गिरोह कानुनी दायरामा आउनेछन् । अपराधको जरा उखेल्न सकिए मात्र सिरहालाई सुरक्षित र लागूऔषधमुक्त समाजतर्फ अघि बढाउन सकिनेछ ।

### मधेश विश्वविद्यालयमा तीन वटा शैक्षिक ..........

बढ्दै गएपछि थप शैक्षिक कार्यक्रम विस्तार गर्न लागिएको उनले बताए । १४ वैशाख २०७९ मा प्रदेशसभाद्वारा मधेश विश्वविद्यालय ऐन, २०७९ जारी भई २२ भदौ २०७९ मा स्थापना भएको सो विश्वविद्यालयले पहिलो एक वर्षमा दुई वटा संकायको पठनपाठन सुरु गरेको थियो ।

विश्वविद्यालयले वीरगञ्जस्थित नेसनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ । अनुसन्धान र प्रशिक्षणको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने मान्यताअनुरुप विश्वविद्यालयलाई प्रदेशमा पहिलो मधेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना गर्ने लक्ष्य रहेको विश्वविद्यालयका उपकुलपति प्रा डा दीपकबहादुर शाक्यले बताए ।

'हामीले सञ्चालन गरेको कक्षाहरूमा विद्यार्थीको आकर्षण देखेर उत्साहित भएका छौँ, उपकुलपति प्रा डा शाक्यले भने, 'आगामी दिनमा मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापीलगायत चिकित्सा र स्वास्थ्यसम्बन्धी कक्षा पनि सञ्चालन गर्ने लक्ष्य राखेका छौं ।'

तत्कालका लागि वीरगञ्जको नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पतालाई आधार बनाएर चिकित्साशास्त्रमा एमबीबीएस कक्षा सञ्चालन गर्ने योजना बनाएर प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गरिने तयारी भएको उनको भनाइ छ ।

मधेश विश्वविद्यालयको उच्च शिक्षालाई अनुसन्धामूलक बनाउने दृष्टिले 'एमफिल पीएचडी'सँगै फार्मेसी र विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने लक्ष्य लिएको उपकुलपति प्रा डा शाक्यले जानकारी दिए ।

मधेश प्रदेशका ग्रामीण क्षेत्रका जनतालाई उच्च शिक्षामा सहज पहुँच विस्तार गर्दै शिक्षालाई श्रम, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोड्ने उद्देउश्यका साथ दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्रदेशमा पहिलो 'मधेश सीप स्कुल' स्थापना गर्ने योजना रहेको उनले बताए ।

# भूराजनीतिक जटिलता र बालेन सरकारको संकट



**भूराजनीतिक भुमरीमा**
**बालेन सरकार**

सुनियोजित जेनजी विद्रोहपछि सुशीला कार्की सरकारको आगमन भएसँगै मुलुकमा व्याप्त भूराजनीतिक प्रभाव अहिले बालेन सरकारसम्म आउँदा उत्कर्षमा पुगेको छ । निर्वासित तिब्बतियन धर्मगुरु १४ औं दलाई लामाको ९१ औं जन्मोत्सव मनाइएको परिघटना त्यही कार्की सरकारकै बेलादेखिको श्रृंखलात्मक भूराजनीतिक परिघटनाकै उपज हो ।



शरद रिजाल

नेपालको आन्तरिक राजनीतिमा बाह्य प्रभुत्वको विषय अब सार्वजनिक तथ्य जस्तै उदांगो भइसकेको छ । नेपाली राजनीतिमा रुचि राख्ने जो कोहीले पनि विगतदेखिकै राजनीतिक घटनाक्रमका रहस्योद्घाटित परिणामबाट बाह्य प्रभावको सहजै अनुभूति गर्दै आइरहेका छन् । त्यसबाहेक अन्य केही राजनीतिक परिघटनाको अन्तरनिहीत रहस्य पटाक्षेप हुने क्रम पनि जारी छ ।

गत भदौ २३ र २४ गतेको जेनजी विद्रोह पनि विगतकै सोही राजनीतिक प्रवृत्तिकै निरन्तरता हो । त्यसयता विकसित राजनीतिक घटनाक्रमले बाह्य भूमिकाको थप तथ्य उजागर हुँदै गएको छ । यद्यपि, हरेक राजनीतिक परिघटनालाई घटनाक्रमका आधारमा पूर्वानुमान गर्ने गरिन्छ भने त्यसको अन्तर्य तत्काल पुष्टि नभए पनि समयक्रममा परिणामले सत्य सावित गर्दछ ।

जेनजी विद्रोह, फागुन २१ गतेको आम निर्वाचन, रास्वपाको दुई तिहाइ बहुमत र बालेन साह प्रधानमन्त्री भएसम्मका यी परिघटना विगतदेखिकै राजनीतिक श्रृंखलाको नयाँ संस्करण भएको व्यवहारतः पुष्टि हुँदै गएको छ । जेनजी विद्रोहमा राज्य संयन्त्रको कमजोरी या अनुत्तरदायीपन निकै मिहिन ढंगले सतहमा आएको थियो । सिंहदरबार जल्दा होस् या सेनाको परमाधिपति निवास राष्ट्रपति भवनमा आगजनी हुँदा मुकदर्शक बनेको नेपाली सेनाका बारेमा अझैसम्म पनि अनेकौं आशंका कायमै छ । त्यसकै उपज अहिले विद्यमान सैन्य संरचनाको आवश्यकता र औचित्यताको विषयमा पनि बहस सुरु भएको छ ।

विगतदेखि नै नेपाली सेनाको भूमिकालाई लिएर अनेकौं प्रश्न उठे पनि ती आशंका कहिल्यै निवारण हुन सकेनन् । झनै, पछिल्लो जेनजी विद्रोहमा देखिएको सेनाको भूमिकालाई लिएर सैनिक नेतृत्वमाथि बारम्बार प्रश्न उठ्ने गरेको छ । आफ्नै परमाधिपति तत्कालीन राजा वीरेन्द्रको वंश विनाश हुँदा जोगाउन नसकेको भन्दै सैनिक नेतृत्वमाथि विगतदेखि नै प्रश्न उठिरहेको बेला जेनजी विद्रोहप्रतिको भूमिकाले विगतका आशंकालाई थप बल पुऱ्याएको छ ।

नेपाली राजनीतिको एउटा कटु सत्य के हो भने नेपाली सेनाको साथ नपाएको भए विध्वंशकारी आन्दोलनमार्फत सत्ता राजनीतिमा अमुक पात्रको उदय कदापि हुनेवाला थिएन । चिनियाँ कम्युनिष्ट पार्टीका नेता माओत्सेतुङले 'सेना नभएको जनतासँग आफ्नो भन्ने केही हुँदैन' भन्दै सैन्य शक्तिको महत्व दर्शाएका थिए । माओत्सेतुङले चिनियाँ कम्युनिष्ट पार्टीको बल प्रयोगद्वारा राज्य सत्ता प्राप्त गर्ने रणनीतिक उद्देश्यमा सेनाको महत्व प्रष्ट्याए पनि आज आएर त्यो हाम्रो हकमा समेत चरितार्थ हुन्छ ।

तत्कालीन शाही नेपाली सेनाको घेरामा रहेका राजा वीरेन्द्रसहित सिंगो राजपरिवारको वंश विनाश र दक्षिण अमेरिकी मुलुक भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोको अमेरिकी सुरक्षा फौजद्वारा आफ्नै निवासबाट गिरफ्तारीको परिघटना रुपमा फरक भएपनि सारतः एकै प्रकृतिका घटना हुन् । ती दुबै सैन्य कमजोरीकै उपज आफ्नै राष्ट्र प्रमुखको रक्षा गर्न असमर्थ भएका परिघटना हुन् । त्यो संयोगजन्य आन्तरिक सुरक्षा चुक हो या अन्य केही ? त्यो भने रहस्यकै गर्भमा छ । यद्यपि, विकसित घटनाक्रमले अनेकौं आशंका जन्माउने प्रशस्तै आधार भने खडा गरेको छ ।

नेपालको हरेक आन्दोलनमा बाह्य सहयोग र समर्थन विगत राणा शासन विरोधी आन्दोलनदेखि गणतन्त्र प्राप्तिको आन्दोलनसम्म भएको छ । राणा शासन विरोधी आन्दोलनमा तत्कालीन राजा त्रिभुवनको भारतीय दूतावासमा आश्रयदेखि ०४६ सालको जनआन्दोलनमा भारतीय नेताहरूको नेपालमै आएर सार्वजनिक रुपमै पञ्चायती व्यवस्था विरुद्ध आन्दोलन गर्न दलहरूलाई उक्साएको परिघटना दुबै बलशाली बाह्य प्रभावकै सार्वजनिक दृष्टान्त हुन् । यो तथ्य कसैले लुकाएर लुक्ने विषय होइन । त्यसयताको माओवादी जनयुद्ध हुँदै २४० वर्षे राजतन्त्रको अन्त्य पनि त्यसकै एक कडी हो, जुन समयक्रममा उजागर भइरहेको छ ।

अहिले जेनजी विद्रोह र त्यसको जगमा भएको निर्वाचनले दुई तिहाइ बहुमत सहित प्रधानमन्त्री बनेका बालेनको राजनीतिक उदय पनि निकै नाटकीय तवरले भएको छ । काठमाडौं महानगरको मेयर, जेनजी आन्दोलनको अघोषित नेतृत्वकर्ता, त्यसपछिको निर्वाचनमा दुई तिहाइ बहुमत हुँदै मुलुकको प्रधानमन्त्री हुन सफल भएका उनलाई स्थापित गर्न सोसल मिडियादेखि अन्तर्राष्ट्रिय सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहेको थियो । त्यसयताका उनका अभिव्यक्ति र क्रियाकलापले पनि उनको अमुक शक्ति राष्ट्रप्रतिको पक्षधरता दर्शाउँछ ।

सुनियोजित जेनजी विद्रोहपछि सुशीला कार्की सरकारको आगमन भएसँगै मुलुकमा व्याप्त भूराजनीतिक प्रभाव अहिले बालेन सरकारसम्म आउँदा उत्कर्षमा पुगेको छ । सुशीला कार्की सरकारलाई निर्वासित तिब्बतियन धर्मगुरु दलाई लामाका सभामुखले नेपाली इतिहासमै पहिलो पटक शुभकामना दिएर सांकेतिक रुपमा अमुक शक्ति राष्ट्रप्रतिको निकटता देखाउने प्रयत्न गरिएको थियो । अहिले बालेन सरकारको कार्यकालमा पनि त्यही सुशीला सरकारको निकटतालाई निरन्तरता दिँदै थप प्रश्रय दिने काम भएको छ ।

भर्खरै, नेपालमा पहिलो पटक उनै निर्वासित तिब्बतियन धर्मगुरु १४ औं दलाई लामाको ९१ औं जन्मोत्सव सार्वजनिक रुपमै मनाइनु त्यही सुशीला कार्की सरकारकै बेलादेखिको श्रृंखलात्मक भूराजनीतिक परिघटनाकै उपज हो । नेपाल विगतदेखि नै तिब्बतलाई चीनको अभिन्न अंग मान्दै एक चीन नीतिप्रति प्रतिबद्ध रहेको छ । नेपालमा हुने चीन विरोधी गतिविधि छिमेकी मुलुक चीनलाई किमार्थ स्वीकार्य हुनेवाला छैन । अमुक शक्ति राष्ट्रको रणनीतिक लाभका लागि नेपाली भूमि छिमेकी चीन विरुद्ध प्रयोग गर्न दिनु भनेको विगतमा भएको चीन विरोधी खम्पा विद्रोहको परिणति निम्त्याउनु हो, जसलाई तत्कालीन राजा वीरेन्द्रको साहसिक र बुद्धिमतापूर्ण कदमले निशस्त्र तुल्याइएको थियो ।

पहिलो पटक सरकारी अनुमतिपछि गत सोमबार काठमाडौंमा मनाइएको निर्वासित तिब्बतीयन धर्म गुरु दलाई लामाको जन्मोत्सवमा नेपालस्थित पश्चिमा मुलुकका अधिकांश कूटनीतिक नियोगका पदाधिकारी सहभागी भएका थिए । सरकारको अनुमतिमै दलाई लामाको जन्मोत्सव मनाइएपछि भूराजनीतिक प्रतिकूलता निम्तिने संशय बढेको छ । यो छिमेकी मुलुक चीनलाई चिढ्याउने अक्षम्य गल्ती हो । यो चीन विरोधी अर्को खम्पा विद्रोह निम्त्याएर नेपाललाई भूराजनीतिक क्रिडास्थल बनाउने रणनीतिक योजना त होइन ? यही परिवेशमा घटित अन्य राजनीतिक परिदृष्यले पनि नेपालमा बढ्दो भूराजनीतिक टकराव र त्यसले पार्ने दूरगामी प्रभावको आँकलन गर्न सकिन्छ ।

यसै सन्दर्भमा गत आइतबार अर्थात असार २१ गते नेकपाका संयोजक प्रचण्डले एक कार्यक्रममा बालेनलाई हाँक दिँदै केपी ओलीले त आफूलाई केही गर्न नसकेको अब बालेनले झन् के नै गर्न सक्छन् र ? भन्दै चुनौती दिए । उनले भूराजनीतिक कारणले भदौ २३ र २४ मा अप्रत्याशित घटना घटेको बताउँदै त्यही भूराजनीतिकै उपज पुराना नेताहरु संकटमा परेको र अहिले फेरि सुरक्षित हुन थालेको सार्वजनिक उद्घोष गरे । सोही कार्यक्रममा उनको पार्टीका सहसंयोजक माधव नेपालले पनि प्रचण्डको प्रशंसा गर्दै भूराजनीतिक शक्ति सन्तुलन मिलाउने खुबी भएको

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** स्वास्थ्यमा राम्रो सुधार आउनेछ र पुराना स्वास्थ्य समस्याहरू कम हुँदै जानेछन् ।

**बृष :** विद्यार्थीहरूका लागि अध्ययन र परीक्षामा राम्रो सफलता मिल्ने समय छ ।

**मिथुन :** पारिवारिक वातावरण सुखद रहनेछ र मानसिक रूपमा शान्ति महसुस हुनेछ ।

**कर्कट :** तपाईंको आत्मविश्वास र हिम्मतमा वृद्धि हुनेछ । छोटो दुरीको कुनै लाभदायक यात्रा हुन सक्छ ।

**सिंह :** आर्थिक पक्ष बलियो बन्नेछ र रोकिइरहेको धन फिर्ता आउने सम्भावना छ ।

**कन्या :** तपाईंको व्यक्तित्व आकर्षक बन्नेछ र मानसिक रूपमा निकै प्रसन्न एवं ऊर्जावान् महसुस गर्नुहुनेछ ।

**तुला :** यो दिन खर्च अलि बढ्न सक्ने भएकाले बजेट सन्तुलनमा ध्यान दिनुहोला ।

**वृश्चिक :** पुराना साथीभाइहरूसँग भेटघाट भई रमाइलो गर्ने अवसर मिल्नेछ ।

**धनु :** व्यापार-व्यवसायमा राम्रो प्रगति हुनेछ र नयाँ व्यावसायिक जिम्मेवारी वा अवसर पाउन सकिन्छ ।

**मकर :** भाग्यले पूर्ण साथ दिनेछ, जसका कारण पुराना अडिएका कामहरू पुनः सुचारु हुनेछन् ।

**कुम्भ :** सवारी साधन चलाउँदा वा बाटो काट्दा विशेष सावधानी अपनाउनुहोला ।

**मीन :** जीवनसाथीको पूर्ण सहयोग र उचित सल्लाहले महत्त्वपूर्ण कामहरू बन्नेछन् ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# १० दिनदेखि जारी मिटरब्याजपीडितको 'पैदल न्याय मार्च' स्थगित, घर फर्किन थाले पीडित

अपन दैनिक संवाददाता
सिरहा, साउन ०२ गते



मिटरब्याजी शोषण र उत्पीडनविरुद्ध आन्दोलनरत पक्ष र सरकारबिच ९ बुँदे सहमति भएसँगै विगत १० दिनदेखि जारी 'पैदल न्याय मार्च' हाललाई स्थगित भएको छ।

सहमति भएसँगै आन्दोलनमा सहभागी किसान तथा मजदुरहरू आ-आफ्नो घर फर्किन थालेका छन्।

सरकार र मिटरब्याज पीडितबिच साउन १ गते भएको ९ बुँदे सहमतिमा मिटरब्याजको शोषण र कुप्रथा अन्त्य गर्ने, नक्कली तमसुकहरू खारेज गर्ने तथा यस सम्बन्धी मुद्दाहरूको सुनुवाइका लागि विशेष अदालत (न्यायाधीकरण) गठन गर्ने लगायतका महत्त्वपूर्ण विषयहरू समेटिएका छन्।

मिटरब्याज पीडितहरूले गत असार २५ गते जनकपुरको त्रितियागाछीबाट 'पैदल न्याय मार्च' सुरु गरेका थिए। उक्त मार्च बाराको निजगढ पुगेपछि असार ३२ गते गृहमन्त्री सुदन गुरुङ र पीडित प्रतिनिधिबिच काठमाडौँमा वार्ता टोली गठन गर्ने सहमति भएको थियो। सोही पहलकदमी अनुरूप साउन १ गते दुई पक्षबिच औपचारिक रूपमा ९ बुँदे सहमति जुटेको हो।

सहमतिपश्चात् आन्दोलनरत पक्षले उत्पीडित किसान र मजदुरहरूको बलियो एकता र निरन्तर सडक संघर्षकै कारण नीतिगत र कानुनी तहमा यो सहमति सम्भव भएको जनाएको छ। आन्दोलनका कार्यक्रमहरू रोकेर घर फर्कन सुरु गरे पनि सरकारको इमानदारिता र जिम्मेवारीको परीक्षा अब सुरु भएको आन्दोलनकारीको भनाइ छ।

आन्दोलनरत पक्षका प्रतिनिधिहरूका अनुसार यो सम्झौता कागजमा मात्र सीमित नभएर बलियो इच्छाशक्तिका साथ तुरुन्तै व्यवहारमा लागु हुनुपर्छ। शोषित वर्गले पूर्ण न्याय नपाएसम्म वैचारिक र संगठित संघर्षको सजगता निरन्तर जारी रहने उनीहरूले स्पष्ट पारेका छन्।

साथै, जनकपुरदेखि निजगढको मैदानसम्म संघर्षमा लामबद्ध भएका सम्पूर्ण न्यायप्रेमी नागरिक तथा योद्धाहरूप्रति आन्दोलनकारी पक्षले सम्मान व्यक्त गरेको छ।

## एनएमबी बैंकको सामाजिक उत्तरदायित्व अन्तर्गत ब्रह्मचारी दामोदरानन्द कलेजलाई सीसीटीभी सहयोग




अपन दैनिक संवाददाता
सिरहा, साउन ०२ गते

एनएमबी बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (CSR) कार्यक्रमअन्तर्गत सिरहाको मिर्चैयास्थित ब्रह्मचारी दामोदरानन्द कलेजलाई चार थान सीसीटीभी क्यामेरा तथा सम्बन्धित उपकरण सहयोग गरेको छ।

बिहीबार आयोजित एक कार्यक्रममा बैंकका एरिया प्रबन्धक कमलेश प्रसाद यादवले शाखा प्रबन्धक राजकुमार गुप्ता, सहायक प्रबन्धक संगीता कुमारी महतो तथा ऋण अधिकृत अनमोल कुमार यादवको उपस्थितिमा कलेज प्रमुख सञ्जय कुमार साहलाई उक्त सामग्री हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा एरिया प्रबन्धक यादवले एनएमबी बैंकले शिक्षा, स्वास्थ्य, वातावरण तथा समुदायको समग्र विकासलाई लक्षित गर्दै विभिन्न सामाजिक उत्तरदायित्वका कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए। उनले सामुदायिक शैक्षिक संस्थाको सुरक्षा र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग गरिएको बताए।

कलेजका उपप्राध्यापक विवेक कुमार मण्डलले सञ्चालन गरेको कार्यक्रममा उपप्राध्यापक जिबछ कुमार साहले बैंकका प्रतिनिधिहरूलाई स्वागत गरेका थिए।

कलेज प्रमुख सञ्जय कुमार साहले सामुदायिक कलेजको भौतिक, शैक्षिक तथा सामाजिक विकासमा सरकार, निजी क्षेत्र र दातृ संस्थाहरूको सहकार्य आवश्यक रहेको उल्लेख गर्दै एनएमबी बैंकको सहयोगले कलेजको सुरक्षा व्यवस्थापन थप सुदृढ हुने विश्वास व्यक्त गरे। उनले आगामी दिनमा पनि यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रममार्फत सहकार्यलाई निरन्तरता दिन आग्रह गरे।

कार्यक्रमको अन्त्यमा कलेज प्रमुख साहले बैंकका प्रतिनिधिहरूप्रति धन्यवाद ज्ञापन गर्दै शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागिताले सामुदायिक कलेजहरूको गुणस्तरीय विकासमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरे।

एनएमबी बैंक मुलुकभर २०० भन्दा बढी शाखामार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ भने सामाजिक उत्तरदायित्व कार्यक्रममार्फत शिक्षा, स्वास्थ्य तथा सामुदायिक विकासका क्षेत्रमा विभिन्न सहयोग गर्दै आएको छ।

## डेरीले नकिन्दा ..........

रहेका राजकुमारले एक वर्षसम्मको हरहिसाब नै नगरी अध्यक्ष रामचन्द्र यादवले मनोमानी ढंगले आफ्नलाई नै सञ्चालक बनाएको बताए। '१०/१२ वर्षदेखि मैले दूध संकलन र व्यवस्थापन गर्दै आएको छु' उनले भने, 'अहिले म ३ लाख घाटामा छु तर मलाई कुनै सोधपुछ गरेको छैन।'

संस्थाका अध्यक्ष रामचन्द्र यादवले कानूनअनुसार विधि, प्रक्रिया पूरा गरेर टेन्डरबाट जिम्मेवारी तोकिएको बताए। 'मैले मनोमानी गरेको छैन। उहाँ (राजकुमार) गलत-गलत आरोप लगाउनुहुन्छ,' उनले भने, 'किसानसँग दूध किन्ने विषयमा अहिले वडाध्यक्षसमेतलाई राखेर छलफल भइरहेको छ। समाधान हुन्छ।'

## अठार वर्षपछि कर्तव्य ज्यान मुद्दाका ............

रायलाई बौधासहित तीन जनाले कुटपिटसँगै धारिलो हतियार प्रहार गरी गम्भिर घाइते बनाएपछि उपचारको क्रममा मृत्यु भएको थियो।

घाइते रायलाई तत्काल भारत बिहार राज्यको पटनामा उपचारपछि पुनः घर ल्याएर १६ दिनपछि थप उपचारका लागि धरानस्थित विपीकोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानतर्फ लैजाँदै गर्दा १९ भदौको राती बाटोमै मृत्यु भएको प्रहीले जनाएको छ।

○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

## सिरहा भन्सारले लक्ष्यको ८३ प्रतिशत ............

अभावले वैध व्यापार प्रवर्द्धनमा बाधा पुगेको बताएका छन्। उनीहरूका अनुसार भन्सार नाकामा प्लान्ट क्वारेन्टाइन, आधुनिक परीक्षण सुविधा, प्रविधिमैत्री सेवा तथा प्रभावकारी निगरानी प्रणाली स्थापना गर्न सके राजश्व संकलन उल्लेखनीय रूपमा वृद्धि हुन सक्छ।

भन्सार क्षेत्रका जानकारहरूका अनुसार खुला सीमाको प्रभाव, अवैध आयात-निर्यात नियन्त्रणको चुनौती तथा पूर्वाधार अभावजस्ता समस्याको समाधान नगरेसम्म लक्ष्यअनुसार राजश्व संकलन गर्न कठिन हुने देखिन्छ।

समग्रमा, सिरहा भन्सार कार्यालयले सीमित स्रोत-साधन र संरचनात्मक चुनौतीका बीच लक्ष्यको ८३ प्रतिशत राजश्व संकलन गर्न सफल भए पनि आगामी दिनमा लक्ष्य हासिल गर्न नीतिगत सुधार, आवश्यक पूर्वाधार विकास, प्लान्ट क्वारेन्टाइन स्थापना तथा सीमा व्यवस्थापनलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ।






## भूराजनीतिक जटिलता र बालेन सरकारको ..............

नेता प्रचण्ड मात्रै भएको जिकिर गरे।

प्रचण्डले त्यसको केही दिन अघि मात्रै प्रधानमन्त्री बालेनबाट व्यवस्थामाथि खतरा रहेको बताउँदै लोकतन्त्र र संविधान जोगाउन तत्काल वाम सहकार्य हुँदै एकताको आवश्यकता औंल्याएका थिए। उनले एमाले अध्यक्ष केपी शर्मा ओलीकै अगाडि ७५ औं मदन जयन्तीको अवसरमा आयोजित कार्यक्रममा आजै एमालेसँग सहकार्य थाल्नुपर्ने बताएका थिए। यसरी केही दिनकै फरकमा ओलीप्रति प्रचण्डको बदलावले नेपालमा भूराजनीतिक प्रभाव पेचिलो ढंगले बढेको र त्यसले निकट समयमै नयाँ 'ट्विस्ट' आउने संकेत गर्दछ।

एक साता अघि बालेन सरकारको कदम विरुद्ध ओलीसँग एकताको टड्कारो आवश्यकता देखेका प्रचण्ड केही दिनमै किन यसरी युटर्न भए ? अहिले उनै ओलीलाई उपेक्षा र बालेनलाई सामान्य ठान्दै आफूलाई केही गर्न नसक्ने आत्मबल प्रचण्डलाई कसरी र कहाँबाट प्राप्त भयो ? यी अनुत्तरित प्रश्नको सपाट जवाफ भेटिँदैन, त्यसका लागि विगतका परिघटना, सम्भावित घटनाक्रमसहित यिनै पात्र र प्रवृत्तिको सिलसिलेवर आँकलन गर्दै परिणाम कुर्नुबाहेक अरु विकल्प छैन।

प्रचण्डकै उक्त अभिव्यक्तिको दोस्रो दिन सोमबार दलाई लामाको जन्मोत्सव मनाइरहँदा नेपाली राजनीतिको सम्भावित आगामी परिदृश्य दर्शाउने अन्य केही परिघटना पनि उजागर भएका छन्। त्यसै दिन प्रचण्डसँग निकट रहेका विवादास्पद व्यवसायी अजय सुमार्गीको सम्पत्ति छानबिन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्दै रोक लगाएको छ।

योसँगै विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेस सभापति गगन थापाका प्रखर आलोचक देउवा पक्षीय कांग्रेस नेता मोहन बस्नेतको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट सफाइ र देउवा पक्षीय कांग्रेसको पार्टी कार्यालय पनि सोही दिन उद्घाटन गरिएको छ। एकैदिन सतहमा आएका यी परिघटनालाई अलग अलग ढंगले बुझ्न खोज्नु राजनीतिक अज्ञानता ठहर्छ। यसको एक अर्कासँग अन्योन्याश्रित सम्बन्धसँगै भूराजनीतिक प्रभाव रहेकोमा कुनै सन्देह छैन।

जेनजी विद्रोहप्रतिको धारणा, फागुन २१ को चुनाव र पार्टी नेतृत्वको मोह लगायत गगन थापाको अन्य गतिविधिबाट उनको बाह्य पक्षधरता प्रष्टै छ। त्यसैले उनी विरुद्ध अर्को अमुक बाहय शक्तिले कांग्रेसभित्र नयाँ धार जन्माउने प्रयत्न गरिरहेको छ। सायद, त्यही शक्तिको आडमा प्रचण्डले व्यवस्थामाथि खतरा देखेका बालेनसँग लड्न ओलीसँग सहकार्यको आवश्यकता नरहेको निष्कर्षमा पुगेको हुनसक्छन्।

सुगौली सन्धि यता मुलुक स्वतन्त्र भए पनि राज्यका संरचना नवऔपनिवेशिक अवस्थामा छन्। त्यसकै दुष्परिणामस्वरुप अमुक शक्ति राष्ट्र नगुहारे सत्तासीन भइदैन भन्ने मुलुकका राजनीतिक नेतृत्वदेखि राज्यका अन्य नेतृत्वदायी तहमा रहेकाहरूमा दास मनोविज्ञान अन्तरनिहीत छ। त्यसकै उपज विगतका राजनीतिक घटनाक्रमसहित अहिले पनि राज्यका संरचनामा परेको बाह्य प्रभुत्वको गुञ्जायस परिणामतः हरेक आवरणका राजनीतिक परिवर्तनलाई कतै न कतै सहजीकरण गर्दै प्रकट भइरहेको छ।

यिनै पछिल्लो विकसित राजनीतिक घटनाक्रमले मुलुक अर्को चरणको भूराजनीतिक जटिलतामा प्रवेश गर्ने संकेत गरेको छ। त्यसै अनुरुप आआफ्नो पक्षधरता देखाउँदै त्यसकै आडमा शक्ति सञ्चयको अभ्यासमा दल र नेताहरु लागेका छन्। यस अघि दुई छिमेकीमा सीमित मुलुकको भूराजनीति हवाइ राजनीतिमा रुपान्तरित भएर बलशाली बनेपछि तिनै दुई छिमेकी सशंकित बनेको तथ्य कतै लुकेको छैन। नेपाली राजनीतिमा अहिले व्याप्त परिघटना त्यसकै परावर्तन हो। वैश्विक राजनीतिमा आएको टकराव र शक्ति सन्तुलनको प्रभावकै परिणामस्वरुप नेपाली राजनीतिमा अर्को उथलपुथलकारी राजनीतिक परिघटनाको सम्भावनालाई नकार्न सकिँदैन।

अहिले मध्यपूर्व र पश्चिम एसियामा युद्धको मारले रन्थनिएको शक्तिले कतै नेपाली भूमिबाट हाम्रो उत्तरी छिमेकी मुलुक लक्षित अर्को भाँडभैलो गर्न खोजेको त होइन ? विकसित घटनाक्रमले त्यस्तै सन्देह उत्पन्न गराएको छ। यही संशयले पछिल्लो समय दुई छिमेकी राष्ट्रको चासो नेपालमा निकै बढेको छ भने त्यसकै प्रतिफलस्वरुप पछिल्लो शृंखलाबद्ध राजनीतिक घटनाक्रम सतहमा आएको निचोड निकाल्नु अन्यथा हुने छैन।

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका ४३ विद्यार्थी दीक्षित



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ०२ गते**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको पहिलो दीक्षान्त समारोहमा ४३ विद्यार्थी दीक्षित भएका छन्। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको पहिलो दीक्षान्त समारोहबाट ब्याचलर इन नर्सिङ साइन्स (बीएनएस) प्रथम ब्याचका १३, दोस्रो ब्याचका १२ र तेस्रो ब्याचका १५ गरी ४० जना विद्यार्थी दीक्षित भएका छन्।

यस्तै, एमडी/एमएस कार्यक्रममा १, ब्याचलर इन पब्लिक हेल्थ (बीपीएच) कार्यक्रममा १ र अन्य कार्यक्रमबाट एक जना गरी कुल ४३ जना विद्यार्थी दीक्षित भएको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. विनोद कुमार यादवले जानकारी दिए।

दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रतिष्ठानका कुलपति कृष्णप्रसाद यादवले मानव जीवनको अभिन्न अंगको रूपमा रहेको शिक्षा र स्वास्थ्यको सवालमा कुनै सम्झौता हुन नदिने बताए। उनले गुणस्तरीय स्वास्थ्य सेवा विस्तारका लागि दक्ष चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मी उत्पादन आवश्यक रहेको बताए।

मधेशका मुख्यमन्त्री समेत रहेका यादवले स्वास्थ्य शिक्षालाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको दाबी गर्दै दक्ष जनशक्ति उत्पादन मार्फत प्रदेशको स्वास्थ्य प्रणालीलाई थप सुदृढ बनाउने लक्ष्यका साथ सरकार अघि बढिरहेको बताए। मुख्यमन्त्री यादवले सीमित स्रोत-साधन र विभिन्न चुनौतीका बीच प्रतिष्ठानले पहिलो दीक्षान्त समारोह आयोजना गर्न सफल हुनु प्रदेश सरकारका लागि गौरवको विषय भएको बताए।

उनले भने, 'प्रतिष्ठान मधेशको गौरव हो। यसलाई सुविधा सम्पन्न र गुणस्तरीय शैक्षिक संस्थाका रुपमा विकास गर्न प्रदेश सरकारले आवश्यक सहयोगमा कुनै कमी हुन दिने छैन्।' प्रतिष्ठानलाई शिक्षण, अनुसन्धान तथा नवप्रवर्तनको उत्कृष्ट केन्द्रका रुपमा विकास गर्न आगामी दिनमा नयाँ योजना र कार्यक्रम सञ्चालन गरिने छ।

प्रतिष्ठानका उपकुलपति डा. अंकुर साहले शिक्षण, अनुसन्धान र स्वास्थ्य सेवामार्फत राष्ट्रलाई दक्ष स्वास्थ्य जनशक्ति उपलब्ध गराउने उद्देश्यका साथ प्रतिष्ठान अघि बढिरहेको बताए। विभिन्न चुनौतीका बाबजुद पहिलो दीक्षान्त समारोह आयोजना गर्न सफल हुनु संस्थाका लागि ऐतिहासिक उपलब्धि भएको बताए। दीक्षित विद्यार्थीलाई समाज, राष्ट्र र मानव सेवाप्रति समर्पित भएर पेशागत जिम्मेवारी निर्वाह गर्न आग्रह समेत गरे।

# मुक्तिपछि पनि साहुकोमै ज्यालादारी गर्न बाध्य हरवाचरवा

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०२ गते**



भूमिहीन हरवाचरवाले तत्काल भूमि वितरण र पुनर्स्थापना कार्य सुरु गर्न सरकारसँग माग गरेका छन्।

चौथो हरवाचरवा मुक्ति दिवसको अवसरमा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले शनिबार जनकपुरधाममा पत्रकार सम्मेलन आयोजना गरी चार बुँदे माग अघि सारेका छन्। उनीहरूले हरवाचरवाको लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका तत्काल जारी गरी कार्यान्वयन गर्न माग गरेका छन्।

त्यस्तै, तथ्यांक संकलनपछि जीविकोपार्जन, सहकारी, सामाजिक उद्यमशीलता र आवास कार्यक्रम सञ्चालन गर्नुपर्ने, मधेश प्रदेशका आठ वटै जिल्लामा स्थानीय तहसँग समन्वय गरी लगत संकलन र परिचयपत्र वितरण तत्काल सुरु सरकारसँग माग गरेका छन्। यस्तै, भूमिहीन हरवाचरवाको जबर्जस्ती विस्थापन रोक्दै भूमि वितरण र पुनर्स्थापनाको प्रक्रिया अघि बढाउनुपर्ने उनीहरूको माग छ।

मञ्चका महासचिव लागेन्द्र सादाले कानुनी रूपमा हरवाचरवा मुक्ति घोषणा भएको चार वर्ष बितिसक्दा पनि समुदायले वास्तविक मुक्ति अनुभूति गर्न नसकेको गुनासो गरे। हरवाचरवा समुदाय अझै पनि पहिचान, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनर्स्थापनाबाट वञ्चित रहेको उल्लेख गर्दै उनले घोषणा मात्र पर्याप्त नभई व्यावहारिक कार्यान्वयन आवश्यक रहेको बताए।

हरवाचरवा समुदाय कृषि क्षेत्रमा पुस्तौंदेखि बन्धुवा श्रम गर्न बाध्य रहेको समुदाय हो। विगतमा लिएको ऋण वा पुर्खाको ऋणका नाममा उनीहरू न्यून वा बिना ज्यालामा काम गर्न बाध्य हुने गरेका छन्। सन् २०२३ मा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले गरेको अध्ययनले नेपालमा करिब एक लाख हरवाचरवा रहेको मञ्चका अध्यक्ष दशनलाल मण्डलले बताए।

सरकारले मुक्तिको घोषणा गरेको भए पनि अझै पहिले जसरी नै काम गर्नुपर्ने बाध्यता रहेको उनले सुनाए। 'कागजी रुपमा हामी गिरहथ (साहु) को बन्धुवा मजदूरबाट उन्मुक्ति पाए पनि व्यवहारमा बन्धुवा भएर काम गर्दै आएका छौं,' मण्डलले भने, 'त्यसमा पनि नेपाल सरकारले तोकेको मापदण्डभन्दा निकै कम ज्यालादारीमा दलित हरवाचरवा काम गर्न बाध्य छन्।'

सरकारले श्रमिकको न्यूनतम ज्याला ७५४ रुपैयाँ तोकेको छ। सबै मजदूरले यहि अनुपातमा ज्याला पाइरहेका छन् भने हरवाचरवालाई तीन-चार सय रुपैयाँमा काममा लगाउने गरिएको छ।

मुक्ति घोषणा भए पनि अधिकांश हरवाचरवा भूमिहीन, नागरिकताविहीन तथा शिक्षा, स्वास्थ्य र सरकारी सेवाबाट वञ्चित रहेका छन्। अशिक्षा, न्यून ज्याला, रोजगारीको अभाव, न्यायमा पहुँचको कमी र राजनीतिक प्रभावका कारण उनीहरू अझै शोषणमै रहेको मञ्चका कानुनी सल्लाहकार बलराम भट्टराईले बताए।

प्रदेश सरकारले नीति तथा कार्यक्रममा उल्लेख गरिएको हरवाचरवा समुदायलाई पूर्ण रुपमा मुक्त गर्दै उनीहरुको भूमिमाथिको अधिकार, सामाजिक सुरक्षा र आर्थिक पुनस्थापना सुनिश्चित गरी कृषि व्यवसायमा सम्मानजनक पहुँच स्थापित गर्नुपर्ने भट्टराईको भनाइ छ।

# भन्सार छलीका १५ लाख रुपैयाँ बढीका सामान बरामद

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०२ गते**



गस्तीमा खटिएको सशस्त्र प्रहरी बलको टोलीले नेपाल-भारत सीमा जोडिएका जिल्लाका विभिन्न ठाउँबाट १५ लाख रुपैयाँभन्दा बढीका अवैध सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं.७ गण हेडक्वाटर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार गस्तीमा रहेका सशस्त्र प्रहरीको छुट्टाछुट्टै टोलीले शुक्रबार जिल्लाको विभिन्न ठाउँबाट किराना सामान, तयारी कपडा, मदिरा र पेय पदार्थ तथा मोटरसाइकल बरामद गरेको हो।

जिल्लाका सीमावर्ती गाउँहरूबाट भन्सार छली अवैध रूपमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेका १५ लाख ४८ हजार ८७० रुपैयाँबराबरका सामान बरामद गरिएको उनले बताए।

बरामद गरिएका सामानहरू आवश्यक प्रक्रिया पूरा गरी बुधबार माडर भन्सार कार्यालयमा दाखिला गरिएको जनाइएको छ। पछिल्लो समय सशस्त्र प्रहरी बलले सीमानाकाबाट हुने अवैध निकासी र चोरी पैठारीविरुद्ध कडा निगरानी र गस्ती गरिरहेको गणले जनाएको छ।

गणका अनुसार सशस्त्र प्रहरीले गत असारको तेस्रो र चौथो साता जिल्लाका विभिन्न ठाउँबाट करिब २३ लाख ३० हजार रुपैयाँ बढी मूल्यका अवैध सामानहरू बरामद गरी भन्सार दाखिला गरेको थियो।

## जनकपुरमा पनि डोजर चलाउने संघीय सरकारको ...............

गलत भन्दै आपति जनाएका छन्। स्थानीय तह र प्रदेश सरकारलाई बाइपास गरेर समिति गठन गर्नु संघीयताको मर्मविपरीत भएको मेयर साहको भनाइ छ।

शनिबार जनकपुरधाममा आयोजित कार्यक्रममा बोल्दै मेयर साहले जनकपुरधाम उपमहानगरभित्र रहेका अतिक्रमित गुठी जग्गा खाली गराउने समितिमा उपमहानगरपालिका र प्रदेश सरकारको प्रतिनिधित्व नराखिनु संघीय सरकारको केन्द्रीकृत शासन लाद्न खोज्ने मनसाय भएको बताए।

'यहाँको जग्गामा पहिलो अधिकार यहाँका स्थानीय तह र प्रदेश सरकारको हो। संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। तर प्रदेश र स्थानीय तहलाई पूर्ण रूपमा बाइपास गरेर निर्णय थोपर्न खोज्नु संघीयता र संवैधानिक व्यवस्थामाथिको प्रहार हो,' उनले भने।

मेयर साहले संघीय सरकारको कार्यशैलीप्रति पनि प्रश्न उठाए। संघीय सरकारले प्रदेश र स्थानीय तहलाई कमजोर बनाउन खोजेको उनको भनाइ छ।

यस्तै, मधेश प्रदेशका गृहमन्त्री महतोले संघीय सरकारको कदमप्रति आपति जनाए। जनकपुरधामभित्रका अतिक्रमित गुठी जग्गा संरक्षणका लागि गठन गरिएको समितिमा सम्बन्धित प्रदेश सरकार र स्थानीय सरकारलाई प्रतिनिधित्व नगराइनु संघीयता र संवैधानिक अधिकार कुण्ठित गर्न खोजेको रुपमा उनले अर्थ्याए।

'गुठी जग्गा संरक्षण आवश्यक छ, अतिक्रमण हटाइनुपर्छ भन्नेमा हाम्रो कुनै विमति छैन। तर त्यसका लागि गठन हुने समितिमा सम्बन्धित प्रदेश र स्थानीय सरकारलाई नै बाहिर राखिनु संघीय सरकारको संघीयता विरोधी कार्यशैली रहेको देखिन्छ,' उनले भने।

सरकारले गुठी संस्थानका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा समिति गठन गरेको छ। समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत तथा गुठी संस्थान शाखा कार्यालय धनुषाका कार्यालय प्रमुख सदस्य रहेका छन्।

मन्त्रालयका अनुसार समितिले २०६२ सालको उच्चस्तरीय प्रतिवेदन कार्यान्वयन गर्न जनकपुरधाम उपमहानगरभित्र पर्ने पोखरी, पोखरीका डिल, रामजानकी मन्दिरसहित प्रमुख मठ-मन्दिर तथा गुठी जग्गामा भएको अतिक्रमण पहिचान, रेखाङ्कन र हटाउने काम गर्नेछ।

यसैबीच समितिले शुक्रबार जनकपुरधामस्थित विभिन्न सात वटा पोखरीको नाम उल्लेख गरी ती पोखरीको डिल अतिक्रमण गरेका संघसंस्थालाई खाली गर्न सात दिने अल्टिमेटम दिएको छ। कार्यविधि अनुसार मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण रेखांकन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न सूचना दिइनेछ।

अन्य गुठी जग्गामा घर-टहरा बनाएर बसोबास गरिएको क्षेत्रमा भने १५ दिनभित्र अतिक्रमण हटाउन सूचना जारी गर्नेछ। तोकिएको अवधिभित्र अतिक्रमण नहटाइएमा स्थानीय प्रशासन र सम्बन्धित स्थानीय तहको समन्वयमा थप १५ दिनभित्र अतिक्रमण हटाइने मन्त्रालयले जनाएको छ।




